गौमुल गाउँपालिका { ९८४८४९२७२७

# गाउँ कार्यपालिकाको कार्यालय

घट्मुना, बाजुरा ( सुदुरपश्चिम प्रदेश, नेपाल)


प.सं: ०८३।८४ मिति : २०८३।०६।०८
च नं : 236 ने.स ११४६ ञंलाथ्व त्रयोदशी

भारी वर्षा तथा सम्भावित बाढी पहिरोबाट सतर्क रहन अनुरोध ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको मिति २०८३।६।०८ गते चलानी नं. २६४ को प्रास पत्र र मौसम पूर्वानुमान महाशाखाबाट जारी मौसम पूर्वानुमान अनुसार आगामी असोज ०९ गते देखि ११ गते आईतबार सम्म नेपालभर केहि स्थानमा मेघगर्जन/चटयाङ्ग तथा हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा र एक -दुई स्थानमा अति भारि वर्षा हुनसक्ने पूर्वानुमान रहेको छ । यसबाट बाढी,पहिरो,भु-क्षय तथा सडक अबरोध लगायतका जोखिम वढ्न सक्ने भएकाले यस गौमुल गाउँपालिकाका सम्पुर्ण नागरिकहरुलाई विशेष सतर्कता अपनाउन अनुरोध गरिन्छ । विशेषगरी खोला, नदी तथा खहरे आसपास नजान पहिरोको जोखिम भएको स्थानमा आवतजावत नगर्न वर्षाको समयमा अनावश्यक यात्रा नगर्न तथा बालबालिकार,अपाङ्ग र जेष्ठनागरिकको विशेष सुरक्षा गर्न अनुरोध छ । घर तथा गोठ वरपर पानीको निकास सहज बनाउनुका साथै सम्भावित विपद्का लागि आवश्यक पुर्वतयारी अवस्थामा रहनुहुन समेत अनुरोध गरिन्छ । कुनै स्थानमा बाढी,पहिरो,सडक अवरोध वा अन्य विपद्को अवस्था देखिएमा तत्काल सम्बन्धित वडा कार्यालय,जनप्रतिनिधि,वा गाउँपालिका, इलाका प्रहरी कार्यालयलाई जानकारी गराउनहुनका साथै मौसमसम्बन्धि थप जानकारीका लागि मौसम पूर्वानुमान महाशाखाबाट जारी हुने आधिकारिक सुचना नियमित रुपमा हेर्नहुन समेत अनुरोध गरिन्छ ।

<u>आपतकालिन सम्पर्क नम्बरहरु</u>

१. गौमुल गाउँपालिका अध्यक्ष श्री हरि बहादुर रोकाया ९८४८६१८९४१
२. गौमुल गाउँपालिका उपाध्यक्ष श्री सिता थापा ९८५८४८८४१२
३. गौमुल गाउँपालिका नि. प्रमुख प्रशासकिय अधिकृत श्री हरिश चन्द्र वि.क. ९८४८८२८३५१
४. गौमुल ईलाका प्रहरी कार्यालयको श्री प्रेम बहादुर साहुँ ९८५८७५३०१२
५. गौमुल गाउँपालिका विपद् सम्पर्क व्यक्ति श्री प्रेम बहादुर सार्की ९८४४६६९२९५

गौमुल गाउपालिका वडा नं.१ देखि ६ सम्मका वडा अध्यक्षहरुको सम्पर्क नम्बर,(**वडा नं. १-९८६८४७५४५५, वडा नं. २-९८६८१६०५५९, वडा नं. ३- ९८६८५८९६३७, वडा नं. ४- ९८५८४८५६८०, वडा नं. ५- ९८४८२२०४८३, वडा नं. ६- ९८६८५३५९८४**) मा सम्पर्क गर्न सकिने छ ।

(हरिशचन्द्र वि. क.)
नि.प्रमुख प्रशासकीय अधिकृत

"आत्मनिर्भर जनता, गौमुल समृद्धिको आधार,
शिक्षा र स्वास्थ्यमा सुधार, जडीबुटी र पर्यटन प्रवर्द्धन, सहकारी मार्फत कृषिजन्य ब्यापार"

*Websit: www.gaumulmun.gov.np, E-mail Address:ito.gaumulmun@gmail.com*